# साझा बाजे मलैबम्म

–राजाराम सुवेदी

सपादलक्षशिखरि खसमल्ल साम्राज्यको अवसान-पछि कर्णाली प्रदेशमा वर्मा उपाधिधारी शासकहरूको उदय हुन गएको थियो। खसमल्ल सम्राट अशोकचल्ल-कै राज्यकालदेखि ती वर्मा थर भएका मानिसहरू दरबारी भारदार बन्न सफल भई तत्कालीन समाजमा विशेष प्रभाव पार्न सफल हुँदै आएका थिए। त्यही वर्मा परिवारसंग निकट सम्बन्ध राख्ने एक व्यक्ति मलैवर्मा वा मलैबम्म गण्डकी र कर्णाली प्रदेशका अधिकांश बाइसी एवं चौबिसी क्षेत्रका अधिपति बन्न सफल भए। ती मलैबम्मले आफ्नो जीवनको उत्तरार्द्धकालमा आफ्नो विशाल राज्यलाई विभिन्न टुक्रामा विभाजन गरी आफ्ना उत्तराधिकारीहरूलाई वितरण गरी टीको फूर्को समेत लगाएर राजा बनाईदिए। त्यसै कारण ती बूढा राजा मलैबम्म बाइसी र चौबिसी राज्यका शासकहरूका साझा बाजे हुन्।

राजा मलैबम्मको विषयमा खोजी गर्दै जाँदा पहिले अछाम राज्यको अजयगढ पुग्नु पर्ने हुन्छ जहाँ शाके १२७६ को यशोवर्माको शिलाभिलेख उत्कीर्ण गरी स्तम्भाकार पारी उभ्याइएको छ।[1] उनै यशोवर्माको शाके १२७६ को अर्को अभिलेख दुल्लुस्थित पाथरनाउली-मा उत्कीर्ण गरिएको छ। दुल्लुस्थित सो पाथरनाउली (पानीको कुवा, जलाशय) जसको निर्माण पत्थरै पत्थरले गरिएको छ।[2] खसमल्ल सम्राट पृथ्वीमल्लका राज्य-कालमा सिंजा एवं दुल्लु राजधानीमा भारदार भई बस्ने व्यक्तिहरूमा यशोवर्माको नाउँ सर्वोपरि छ। उनी बाहेक-का भारदारहरूमा क्रमशः मलयवर्मा, मेदिनीवर्मा, संसारवर्मा, सुमेरुवर्माहरूको नाम पनि कम उल्लेखनीय छैन। ती सबैं भारदारहरू वर्मा परिवारका सदस्य भएको कुरा त उनीहरूका नाम पछि परेको थरबाट थाहा हुन्छ। यसरी वर्मा परिवारका भारदारहरू खसमल्ल राजाहरूका दरबारमा पहिल्यैदेखि प्रवेश गर्न सक्षम भएको कुरा देखा पर्दछ। यसैं आधारबाट केही विद्वानहरूले ती वर्मा परिवारका दरसन्तानहरू हुनुपर्छ भनी प्रकाशन समेत गरेका छन्।[3] खसमल्ल वंशका अन्तिम शासक अभय मल्लद्वारा प्रदान गरिएका अभिलेखहरूमा वर्मा परिवार-का भारदारहरूको नाम समेत उत्कीर्ण भएको पाइन्छ।

---

१. सूर्यमणि अधिकारी, "पश्चिम नेपालका केही अप्रकाशित अभिलेख" **कन्ट्रिब्युसन टु नेप्लीज स्टडीज,** भोलम ७, नं. १–२ (दिसम्बर १९७९–जून १९८०), पृष्ठ १७९-८०

२. योगी नरहरिनाथ, **इतिहास प्रकाश,** भाग २, अङ्क १ (काठमाडौं : इतिहास प्रकाश संघ, २०१३) पृष्ठ ४६

३. सूर्यमणि अधिकारी, **पूर्ववर्णित** टिप्पणी नं. १, पृष्ठ १८०–८१

यसरी अभिलेखहरूमा साक्षी राख्नु पर्ने कारण राजाले आफ्नो राज्यका कुनै रैतिलाई दान, दातव्य, विर्ता, अकर, वितलप र छत्तीसंकर माफ गर्ने विचारले प्रदान गर्दा औपचारिक रूप दिनु पर्दथ्यो। सोही प्रसङ्गमा भूमण्डलका साक्षी भनी आफ्ना दरबारका भारदारहरू-को नाम उल्लेख गर्ने परम्परा थियो। त्यसो गरेपछि सो अभिलेख पाको ठहरिन्थ्यो। उनीहरू राजाकै दौडाहाको क्रममा संगै जाने चलन हुँदा प्रत्येक क्षेत्रमा जानकारी राख्न सक्तथे। तसर्थ उनीहरू प्रत्येक अभिलेखमा दृष्टि साक्षीका रूपमा रहन्थे।[४] राजा अभयमल्लको शासन-पछि मलयवर्माको शासन शुरू भएको हुँदा मलयवर्मा-लाई कुनै विद्वानहरूले अभयमल्लका उत्तराधिकारी मानेका छन् भने कुनै विद्वानहरूले अभयमल्लका उत्तरा-धिकारी र छोरा मेदिनीवर्मा भएको कुरा कालक्रमको अध्ययन गरी स्वीकार गरेका पाउँछौं।[५] सपादलक्ष-शिखरि खसमल्ल साम्राज्यको शक्ति क्षीण एवं शिथिल भएपछि कर्णाली र गण्डकी प्रदेशमा विभिन्न क्षेत्रहरूलाई समेटी वर्मा परिवारले एकाधिपत्य पारेको थियो। त्यस-पछि विभाजनको श्रीगणेश भयो। हुन त यो विभाजन-को शुरुआत राजा पृथ्वीमल्लकै समयदेखि भएको पाइन्छ। त्यसो विशाल साम्राज्यको पतन गराउनामा खसमल्ल सम्राटका महामात्य यशोवर्माको पनि हात रहेको आशङ्का गर्ने ठाउँ छ।

यसरी यशोवर्माले धेरै वर्षसम्म तयार गरेको भूमिकाबाट मलयवर्माले प्रशस्त फाइदा उठाए। फल-स्वरूप उनी सिंजाधिराज हुन पुगे। राजा मलयवर्माको शाके १३११ (वि. सं. १४४६) को ताम्रपत्र पनि प्रका-शनमा आएको छ।[६] उक्त अभिलेखमा राजा मलयवर्मा-लाई "श्री श्री श्री महाराजधीराज देषसुर डेडिमल मलैम्मूं" भन्ने विरूदले सम्बोधन गरिएको छ। सोही अभिलेखमा अनन्त मल्लको नाउँ पनि उल्लेख छ। तसर्थ मल्ल र वर्मा परिवार एकै परिवार नभएको संकेत मिल्दछ। सो ताम्रपत्रमा सदु जैशी, मैसु जैशी, मंघर फंजु रावल, रूध थापा, नन्दु जैशी जस्ता व्यक्तिहरू दृष्ट साक्षीका रूपमा उत्कीर्ण गरिएका छन्। अर्कोतिर शाके १३१३ को राजा अभयमल्लको ताम्रपत्राभिलेख धवलागिरि अञ्चलको म्याग्दी जिल्लामा प्राप्त भएको छ। यसर्थ राजा मलयवर्मा र अभयमल्लको एकै समय-मा दुई ठाउँका राजा भएका बुझिन्छन्। त्यस्तो कसरी संभव हुन गयो होला भन्ने जिज्ञासा उठ्नु स्वाभाविक हो। माथि उल्लेख गरिएको जस्तै अभयमल्ल छँदैमा मलयवर्मा राजा भइसकेको कुरा कर्णाली अञ्चल काली-कोट जिल्ला रैंका साँघुमा राजा मलयवर्माको शाके १२९७ (वि. सं. १४३२) को ताम्रपत्र प्रकाशन भइ-सकेको हुँदा निर्णय गर्न सकिने स्थिति छ।[८] यसकारण एकै समयमा राजा अभयमल्ल र मलयबम्म शासन गर्न थालेका रहेछन् भन्ने ठाउँ रह्यो। यस्तो कसरी सम्भव भयो भन्ने विषयमा केही विद्वानहरूको मत यस प्रकार भएको पाइन्छ। राजा मलयवर्माले राजा अभयमल्लको राज्य बलात् अपहरण गरेकाले राजा अभयमल्ललाई आफ्नो राजधानी सिंजा छोडी पूर्वतर्फ जान बाध्य हुनु परेको कुरा उल्लेख भएको छ।[९] त्यसरी सिंजाबाट पूर्व पूर्व धपिनु परेको भए ताम्रपत्रमा त्यसको संकेत हुनुपर्ने थियो तर सो शाके १३१३ को अभिलेखमा त्यस्तो

४. राजाराम सुवेदी, बझाङ्ग जिल्लाका बाह्र अभिलेखहरू **"कन्ट्रिब्युसन टु नेप्लीज स्टडिज"** भोलम ६, नं. २ (असार २०३६), पृष्ठ ९१–९२

५. बालकृष्ण पोखरेल, **पाँच सय वर्ष** (काठमाडौं : साझा प्रकाशन २०३१), पृष्ठ ६२

६. सूर्यमणि अधिकारी, **पूर्ववर्णित**, टिप्पणी नं. १, पृष्ठ २८१–८२

७. **ऐजन**

८. बालकृष्ण पोखरेल, **पूर्ववर्णित**, टिप्पणी नं. ५, पृष्ठ ६२

९. सूर्यमणि अधिकारी, **पूर्ववर्णित**, टिप्पणी नं. १, पृष्ठ १८३

कुनै कुरा नहुँदा वर्मा परिवारले यपाई लखेटी अभयमल्ल धवलागिरि म्याग्दीको संजेल गाउँमा पुगेका हुन् भन्ने कुनै प्रमाण प्राप्त भएको छैन ।[10] कर्णाली प्रदेशमा यस्ता प्रकृतिका अभिलेखहरू यत्रतत्र प्राप्त भएका छन् । राजाका प्रतिनिधि भई कुनै प्रदेशमा अधिकारीको काम गर्ने व्यक्तिले पनि आफूलाई राजा जस्तै ठानी ताम्रपत्रहरू प्रदान गरेका उदाहरणहरू अरू ठाउँमा पनि प्राप्त भएका छन् । यसर्थ राजा अभयमल्ल र मलयवर्माको पनि त्यस्तै पर्न गयो कि भन्ने शङ्का गर्ने ठाउँ छ । जे होस्, कर्णाली प्रदेशको मुटु मानिएको सिंजा जस्तो ठाउँमा मलयवर्मालाई राजाका रूपमा मानिएका प्रमाणहरू प्राप्त भएको कुरालाई स्वीकार गर्नै पर्दछ । उनै मलयवर्मापछि गण्डकी र कर्णाली प्रदेशमा बाइसी र चौबिसी राज्यको स्थापना हुन गयो । एक विद्वानले सिंजाका महाराज मेदिनीवर्माले छयालीस सामन्तलाई कज्याएको कुरा उल्लेख गरेबाट सो कुरालाई झन पुष्टि मिल्न गएको छ ।[11] अर्का विद्वानले राजा अभयमल्लका साह्रै नजीकका महासामन्त मेदिनीवर्माले अवसर पाई राजधानी सिंजालाई अँठ्याएको देखिन्छ भनी अभयमल्लपछि मलयबम्म वा मलयवर्माको नामै उल्लेख नगरी मेदिनीवर्मालाई उत्तराधिकारी घोषित गर्नु भएको छ ।[12] राजा मलैबम्मका विषयमा विभिन्न वंशावली अभिलेखहरूमा उल्लेख गरिएका कुराहरूको क्रमशः चर्चा गर्नु सान्दर्भिक हुनेछ ।

बझांगी रजपूत वंशावलीमा राजा मलयवर्माको नाउँ चौतीसौं क्रममा उल्लेख गरिएको छ ।[13] सो वंशावलीमा राजा मलैबम्मलाई नरिबम्मका नाति, राजबम्मका छोरा भनिएको छ । बझाङ्गको अर्को वंशावलीमा उनलाई राजबम्मको नाति जयतिबम्मका छोरा भनिएको छ । उनको नाउँ पैंतीसौं क्रममा उल्लेखित छ ।[14] जाजरकोटे राजवंशावलीमा पनि राजा मलैबम्मलाई गोथु मल्लका नाति जैभम्मका छोरा भनी उल्लेख गरिएको छ ।[15] समाल शाही राजाहरूको वंशावलीमा पनि राजा मलैबम्मको नाउँ छ । सो वंशावलीमा उनलाई गोलूमल्लका नाति गोसुमल्लका छोरा मलैबममल्ल भनी ११ औं क्रममा उल्लेख गरिएको छ ।[16] बाईसी राज्य सल्यानी राजाको वंशावलीमा पनि राजा मलैबम्मको नाउँ उल्लेख गरिएको छ । त्यहाँ उनलाई दातामल्लका नाति गोथडीमल्लका छोराका रूपमा वर्णन गरिएको छ ।[17] अछामी राजाहरूको नाम क्रममा राजा मलैबम म्याको नाम ३८ औं क्रममा भेटिन्छ । सो वंशावली अनुसार उनलाई टोझरीमम्याका नाति अभयराजका छोरा भनी वर्णन गरिएको पाइन्छ ।[18]

---

१०. मोहनप्रसाद खनाल, **मध्यकालीन अभिलेख**, (काठमाडौं : मोहनप्रसाद खनाल, २०३०) पृष्ठ १७–१८

११. बालकृष्ण पोखरेल, **पूर्ववर्णित**, टिप्पणी नं. ५, पृष्ठ ६२

१२. धनबज्र बज्राचार्य, "कर्णाली प्रदेशको ऐतिहासिक रूपरेखा" **कर्णाली प्रदेश एक बिटो अध्ययन** (जुम्ला : भीमप्रसाद श्रेष्ठ, २०२८) पृष्ठ ४३

१३. राजाराम सुवेदी, **पूर्ववर्णित**, टिप्पणी नं ४, पृष्ठ ८५

१४. योगी नरहरिनाथ, **इतिहास प्रकाशमा सन्धिपत्र संग्रह**, भाग १ (दाङ : आध्यात्मिक सम्मेलन, २०२२) पृष्ठ ५८८

१५. विश्वनाथ भट्टराई, "जाजरकोटे राजा र मल्ल राजाहरूको वंशावली" **प्राचीन नेपाल**, संख्या २७, (वैशाख २०३१), पृष्ठ ४९–५०

१६. योगी नरहरिनाथ, **इतिहास प्रकाश**, अङ्क १ (काठमाडौं: इतिहास प्रकाश संघ, २०१२) पृष्ठ ६८–६९

१७. योगी नरहरिनाथ, **पूर्ववर्णित**, टिप्पणी नं. १४, पृष्ठ ६०९–६११

१८. योगी नरहरिनाथ, **इतिहास प्रकाश**, अङ्क २, भाग ३ (काठमाडौं : इतिहास प्रकाश संघ, २०१२), पृष्ठ ३८७–३९४

रासकोटी वंशावलीमा पनि मलैबम्याको नाउँ ३७ औं पुस्तामा उल्लेख गरिएको छ। सो वंशावलीमा उनलाई टोझरीबम्याका नाति अभयराजका छोरा नै मनेको छ।[19] त्यसै रीतले दुलाल वंशावलीमा राजा मलैबमको नाउँ पन्ध्रौं क्रममा उल्लेख छ।[20] दुल्लुकै अर्को वंशावलीमा उनलाई काडिमल्लका नाति टोटरिमल्लका छोरा भनिएको छ।[21] दुल्लुराज नामावलीको ३६ औं क्रममा राजा मल्लवर्माको नाउँ भेटिन्छ।[22] जुम्ला खाडाचक्रका रास्कोटी राजा मलयवर्माको खाडाप्रकाश पनि गरिएको छ। सो खाडाप्रकाशको १९ औं क्रममा राजा मलयवर्माको नाउँ भेटिन्छ।[23] अर्को राजा रास्कोटि राइठूर टर वंशावलीमा मलैबम्मलाई २४ औं क्रममा वर्णन गरिएको पाइन्छ।[24]

राजा मलैबम्मको नाउँ शाके १३४० (वि. सं. १४७५) को ताम्रपत्र अभिलेखमा उत्कीर्ण गरिएको छ। सो ताम्रपत्रमा मलैबम्म बाहेक सिरबम्म, संसारबम्मको नाउँ पनि उल्लेख छ।[25] एक ईतिहासकारलें मलैबम्मका बाजे कन्नौज गढका अन्तिम रायठोर राजा मठिमलका छोरा कांशीदाश मानसरोवरको तीर्थाटन गर्न जुम्लाको बाटो आउँदा सिंजापति राजाले आफ्नो छोरी विवाह गर्न दिई जुम्लाको सामाचौर भन्ने ठाउँमा बसोवास गर्न दिए। पछि तिनै काशीदाशका छोरा देवचन्द्र भएका र देवचन्द्रका पनि छोरा क्वप्रिया भए। क्वप्रिया नाउँ आर्य मर्यादोचित नभएकोमा पनि लेखकको आफ्नै परिभाषा छ। ती क्वप्रियाका छोरा भीमवर्मन भए। ती भीमवर्मन शारीरिक बलशाली हुनाले उनलाई गजभीम वर्मन भनी वंशावलीले लेखेको छ। उनै गजभीमवर्मनका एक पराक्रमी छोरा भए जसको नाउँ मलयवर्मन वि. सं. १४२९ मा राजा भएको कुरा प्रकाशमा आएको छ।[26] राजा मलैबम्मलाई औतारी, चमत्कारी यमुना, काठमाडौं, बुढान, मोरङ्गमा गई लामा जुझाएका, जुम्लाबाट एकमन सुन दुल्लु झिकाएको हुँदा उनको यशोगान गरिएको मनिन्छ। त्यसो हुनाले नै "सिंजा हाट दुल्लु विराट" भनियो।[27]

एक लेखकद्वारा प्रकाशित पर्वत र गलकोटको वंशावलीमा राजा मलैबम्मलाई १२० औं क्रममा प्रकाशन गरिएको छ।[28] यसरी घुमाउरो किसिमले अध्ययन गर्दा राजा मलैबम्मको पैतृक वंश राजस्थानी वा कन्नौजी रजपूतहरूसंग जोड्ने प्रयास वंशावलीले गरेको छ। अर्कोतिर उनको मातृपक्षको सम्बन्ध सोझै सिंजापति खसमहाराजको छोरीपट्टि भएको कुरा पनि स्पष्ट भेटिन्छ। तत्कालीन समाज पितृ प्रधान हुनाले र पैतृक कुल नै इज्जत गर्ने हाम्रो परम्परा हुनाले मलैबम्मलाई केही अभिलेखहरूका आधारमा रजपूत भन्न सकिने ठाउँ छ। निष्कर्षमा राजा मलैबम्मको वंशबारे निर्वोल गर्ने हो भने उनी रजपूत र खसमल्लका वर्णशङ्कर नेपाली

१९. योगी नरहरिनाथ, **पूर्ववर्णित**, टिप्पणी नं १६, पृष्ठ ६९–७०

२०. **ऐजन**, पृष्ठ ७०

२१. **ऐजन**, पृष्ठ ७०–७१

२२. **ऐजन**, पृष्ठ ७२

२३. योगी नरहरिनाथ, **पूर्ववर्णित**, टिप्पणी नं. २, पृष्ठ ३२७–३२९

२४. **ऐजन**, पृष्ठ ३६४–३६८

२५. राजाराम सुवेदी, **पूर्ववर्णित**, टिप्पणी नं. ४, पृष्ठ ९७

२६. मोहनबहादुर मल्ल, "कर्णाली प्रदेशका वर्मन" **प्राचीन नेपाल**, संख्या २७ (२०३१ वैशाख); पृष्ठ ५९–६२

२७. योगी नरहरिनाथ, **पूर्ववर्णित**, टिप्पणी नं. १६, पृष्ठ ७०

२८. ॐकारप्रसाद गौचन, "पर्वते मल्ल राजाहरूको वंशावली" **बुकी बुच्छा** २ (बाग्लुङ : नेपाली साहित्य सम्पर्क समिति, २०२६), पृ. ९

ठकुरी हुन्। उनी बौद्ध होइनन् हिन्दू हुन् भन्ने कुरा उनका ताम्रपत्रादिबाट स्वतः चाल पाइन्छ। नेपालमा रजपूतहरूको प्रवेश चौधौं विक्रम शताब्दीको उत्तरार्द्ध कालमा शुरू भई पछि बढ्दै गएको कुरा विभिन्न लेखकहरूले स्वीकार गरेका छन् ।[२९]

कर्णाली प्रदेशमा प्राप्त विभिन्न अभिलेखहरूको अध्ययनबाट यो कुरा चाल पाइन्छ कि सपादलक्षशिखरिखसमल्ल साम्राज्यको अवसानपछि गण्डकी र कर्णाली प्रदेशमा वर्मन वा वर्मा वंशी शासकहरूको राज्य स्थापना भएको रहेछ। ती वर्माहरूमा मलयवर्मा सबैभन्दा शक्तिशाली ठहरिएका बुझिन्छन्। उनै बूढा राजा मलयवर्मा समग्र रूपमा बाइसी र चौबिसी राजाहरूका मूल बाजे भएको कुरा केही विद्वानहरूले प्रकाशन पनि गरिसक्नु भएको पाइन्छ।[३०] उपर्युक्त कुराहरूबाट राजा मलैबम्म, सिंजा, खाडाचक्र, रासकोट, दुल्लु, दैलेख, जुम्ला, अछाम, दर्ना, रूकुम, मुसीकोट, बाँफी, गोताम, जहारी, माल्नेटा, दार्मा, सल्यान, वडाँगाउँ, कालागाउँ, बझाङ्ग, बाजुरा, थलारा, परवत, गल्कोट, पय्यौं जस्ता राज्यका शासकहरूका एक साझा बाजेका रूपमा मध्यकालीन इतिहासमा देखापरेका छन्। तसर्थ गण्डकी र कर्णाली प्रदेशका ठकुरीहरू उनैका सन्तान ठानिन्छन्।

राजा मलयवर्माकी रानीको नाउँ रूपावती थियो।[३१] जाजरकोट भेकतिरको लोक इतिहास अनुसार पहिले त्यहाँ एक जाड बसेको थियो। राजा मलैबम्मले जाडलाई मारी कोटघर बनाएकाले सो ठाउँको नाउँ नै जाडकोट भयो र पछि सोही ठाउँलाई जाजरकोट भनियो। जाजरकोट नाउँ रहनुमा त्यहाँ धरातल कमजोर भई जर्जर परेकोले पनि भनिन्छ।[३२] राजा मलैवर्माको वर्णन गरेको एक पाण्डुलिपि पुस्तक जाजरकोटमा प्राप्त भएको छ। सो पुस्तक शाके १३०९ मा लेखिएको हो जहाँ मलैबम्मलाई राजा भन्ने भाषा पारिएको छ। पुस्तकको नाम हो– रूकुमालाबज्युमहिम्नस्तोत्र। रूकुमालाबज्युको कहानीको प्रसङ्गमा मलैबम्मको नाउँ पनि परेको छ त्यहाँ।[33] सल्यान राज्यको अप्रकाशित वंशावलीमा राजा मलैबम्मका तीन वटा छोरा र एक छोरी भएका थिए भन्ने छ। ती छोराहरूमा क्रमशः जगतिसिन, पृथ्वीबम्म, माधौ अथवा सुर्तान्बम्म हुन्। छोरीको नाउँ त्यहाँ उल्लेख छैन।[34] रुकुममा प्राप्त वंशावली पाण्डुलिपिमा पनि त्यही कुरा वर्णन गरिएको पाइन्छ।[35]

राजा मलयवर्माको उत्तरार्द्ध जीवनकालमा आफ्नो विशाल राज्यलाई चार भागमा बाँडीं आफ्ना तीन छोरा र एक छोरी ज्वाईंका बीचमा बाँडफाँड गरिदिए। ती टुक्राहरू पछि त्यसै गरी भागबण्डा गर्ने क्रममा टुक्राटुक्रा पर्न गए। उनले बाँडिदिएको थिति यस प्रकार थियो।[36]

29. Col. James Todd, *Annals and Antiquities of Rajasthan*, Vol I. (Delhi : Moti Lal Banarasi Das, 1971), PP. 309-312.
30. Ram Niwas Pande, "The Rise and Development of the Basis States" *Ancient Nepal*, No. 17 (October, 1971) PP. 52-56.
३१. जाजरकोट खलङ्गा गा. प. वार्ड नं. २ का श्री योग्यश्वर कार्कीसंग रहेको वंशावलीबाट प्राप्त जानकारी
३२. राजाराम सुवेदी, "स्वर्गद्वारी महाप्रभुको विलक्षणता" **नेपाल**, वर्ष १५, अङ्क १ (साउन, भदौ, २०४०), पृष्ठ ४४
३३. जाजरकोट खलङ्गाका योग्यश्वर कार्कीसंग संग्रहित रूकुमालाबज्यू महिम्नस्तोत्र पाण्डुलिपिबाट प्राप्त जानकारी
३४. सल्यान जिल्ला बडा गाउँ पञ्चायत वार्ड नं. ५ गोलकपुरका ज्यो: पं. श्री धर्मानन्द भट्टराईसंग संग्रहित पाण्डुलिपि वंशावलीबाट।
३५. राजाराम सुवेदी, "रुकुम र पल्लो मुसीकोटसम्बन्धी केही ऐतिहासिक पत्रहरू" **भ्वाइस अफ हिष्ट्री**, भोलम VIII, नं. १ (काठमाडौं : ईतिहास शिक्षण समिति, कीर्तिपुर बहुमुखी क्याम्पस, त्रिभुवन विश्वविद्यालय, डिसम्बर, १९८२ ई.), पृष्ठ ६६-७२
३६. योगी नरहरिनाथ, **पूर्ववर्णित**, टिप्पणी नं. २, पृष्ठ ३३७, ३५९; ३७४

१. सुमेरुबम्म : उनी मलैबम्मका जेठा छोरा थिए। उनलाई सल्यान क्षेत्रको राजा घोषित गरिदिएका थिए।

२. मेदिनीबम्म : उनलाई जक्तिसिन वा जगतिसयन पनि भनिन्छ । राजा मलैबम्मले उनलाई जाजरकोटको राजा बनाइदिएका थिए।

३. संसारबम्म : यिनी राजा मलैबम्मका कान्छा छोरा थिए । उनलाई दैलेख राज्यको टीकोफूर्को दिइएको थियो।

४. वलिराज : यिनी राजा मलैबम्मका छोरी ज्वाईं थिए। उनलाई राजा मलैबम्मले छोरीलाई दाइजो स्वरूप ज्वाईंलाई आफ्नै मुकाम क्षेत्र जुम्लाको राजा बनाइदिएका थिए।

उपर्युक्त वर्णनहरू हेर्दा राजा मलैबम्मका छोराहरूको नाउँ मिलेको छैन । हिन्दू संस्कृतिमा एक व्यक्तिका एकभन्दा बढ्ता नाम राख्ने प्रचलन हुनाले त्यसो भयो कि जस्तो शङ्का पनि उठ्न जान्छ।

राजा मलयवर्माले आफ्नै ईच्छाले आफ्नो राज्य विभाजन गरिदिएकाले वर्मा वा बम्म परिवारका शाखा सन्तानहरू फैलिदै गए। त्यति मात्र होइन राज्य पनि बढे। अझ ती वर्मावंशीय राजाहरूले पछि आएर वर्मा पद छोडी मल्ल, बम्म, शाह, शाही, सिंह, सेन र सिन कहलिन थाले। केहीले आफूलाई पाल पनि भन्न थाले। जुम्लाको राज्य पाएका वलिराज वर्मा परिवारका नभएकाले र कालै गाउँमा बसोबास गरी रजाईं गर्न थालेकाले उनको वंशलाई कल्यालवंश भन्न थालियो। पछि आएर कल्याल राजाहरूले आफूलाई शाही र शाह भन्न थालेकाले समग्र रूपमा वलिराजका वंशजलाई कल्याल शाही भनिन्छ र मामाको छोरी बिवाह गर्ने गर्दछन् । तर जाजरकोटे वंशावलीमा ती वलिराजलाई जाजरकोट दरबारमा मेदिनिबम्मका दरबारमा बस्तथे । तर उनले रजालाई दर्शन गर्दैनथे । एकदिन मेदिनीबम्मकी (जक्तिसिन) रानी सर्पावतीले वलिराजले किन दर्शन सलाम गर्दैनन् भनी सोधिन् । भोलिपल्ट बिहानै जक्तिसिनले वलिराजलाई जुम्लाको राज्य दिएकाले दर्शन सलाम गरे।[37] यस कुराबाट त मलैबम्मले वलिराजलाई राज्य नदिई जक्तिसिनले जुम्ला दिएको कुरा बुझिन आएको छ। तापनि वलिराज जुम्लाको शासक भएको कुरा सबै स्रोतबाट पुष्टि हुन जान्छ। एउटा कुरा जुम्लाका राजा वलिराजलाई जाजरकोटे राजा जक्तिसिनले आफ्नो राज्यमा ल्याई कैद गरेका थिए। आफ्नी बहिनीपट्टिका ज्वाईं हुनाले उनलाई मार्न चाहिं मारिएन। यसको मूल कारण जुम्लाका राजा वलिराज र जक्तिसिनका बीचमा सम्बन्ध राम्रो थिएन। पछि वलिराजलाई छुटाउनमा जक्तिसिनकी रानी सर्पावतीको ठूलो हात थियो भन्ने कुरा जुम्लाको लोक इतिहासबाट जानकारी हुन जान्छ।[३८] जाजरकोट भेकतिर त्यही कुरालाई राम्रो पारी वलिराजको स्वाभिमान र जक्तिसिनको उदारताको उपमा दिन सफल भएको छ । त्यसैले त्यहाँ एक उखान बन्यो "धन्न धन्न मेदिनीबम्म धन्न तम्रो हियो सात दिन हुँट्न्या राज्ये दातव्येमा दियो"।

निष्कर्षमा, राजा मलैबम्म अधिकांश बाइसी र चौबिसी राज्यका अधिपति थिए। उनैले त्यसो राज्य धेरै भाँजा पारे। सो क्रम नेपालको एकीकरण कालसम्म कायमै रह्यो। राजा मलैबम्म वर्तमान नेपालका पूर्ववर्ती शासक हुन् जसको कमजोरीले राज्य टुक्रिएको थियो।

---

३७. जाजरकोट जिल्ला, खलङ्गा गा. पं. वार्ड नं. १ का ईश्वरीबहादुर शाहसंग रहेको जाजरकोटे राजवंशावलीबाट प्राप्त जानकारी।

३८. मोहनबहादुर मल्ल, **पूर्ववर्णित**, टिप्पणी नं. २६, पृष्ठ ६१